- मदिरा तथा सुर्तीजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
- यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
- मदिरा तथा सुर्तीजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ ।
- जनस्वास्थ्यसम्बन्धी कानूनको पूर्णरूपमा पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख २८ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 May 11 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५०

## यातायात कार्यालय लाइसेन्स, वीरगंजमा भागबन्डा नमिल्दा कर्मचारीहरू विभाजित, बिचौलियाहरू भागाभाग

प्रस, वीरगंज, २७ वैशाख/

यातायात व्यवस्था कार्यालय वीरगंज कार्यालयमा अहिले विवादका कारण सवारी चालक अनुमतिपत्र लिने




तस्वीरः फाइल

अस्थायी/दरबन्दीमा रहेको स्रोतले जनाएको छ । अहिले कार्यालय प्रमुख (लाइसेन्स) वीरगंजमा अहिले कर्मचारीहरूबीच भागबन्डाको विषयलाई लिएर विवाद भएको छ ।

लाइसेन्स वितरणबाट हुने आम्दानीमा कर्मचारीहरूबीच कुरा नमिल्दा अहिले एकथरी कर्मचारीहरू विभाजित भएका छन् । उनीहरूले लाइसेन्समा हुने अनियमितताको विषयमा समाचार प्रकाशित गराएर अख्तियार र मधेस प्रदेशका मुख्यमन्त्रीसमक्ष उजूरी गराएका छन् । जसले गर्दा वीरगंज कार्यालयमा हुने लाइसेन्स वितरण कार्यमा अहिले कडाइ गरिएको छ ।

यातायात व्यवस्था कार्यालय, लाइसेन्सका मेकानिकल इन्जिनीयर अमित दास, नायब सुब्बा सुनील पण्डित, रञ्जीत साहलगायतको समूहले लाइसेन्स वितरणमा हुने भागबन्डाप्रति असन्तुष्टि जनाउँदै कार्यालय प्रमुख कमल गौतमविरुद्ध अघोषित आन्दोलन शुरू गरेको छ । उनीहरूले विभिन्न सञ्चारमाध्यममा समाचार प्रकाशित गराउने, सो समाचारलाई उजूरीको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौंडा र मधेस प्रदेश मुख्यमन्त्रीको कार्यालयमा पठाएका छन् ।

यसै कारण अहिले यातायात व्यवस्था कार्यालय (लाइसेन्स) वीरगंजमा लाइसेन्स वितरणको लागि हुने ट्रायलमा उत्तीर्ण हुने परीक्षार्थीहरूले मात्र लाइसेन्स पाइरहेका छन् । यही वैशाख १९ गतेदेखि लाइसेन्स वितरणको प्रक्रिया शुरू गरेको सङ्ख्या तीन गुनाले घटेको छ । यसअघि, एक सिजनमा एक हजार ६०० भन्दा बढीले सवारी चालक अनुमतिपत्रको लागि आवेदन भर्थे । अहिले यो सङ्ख्या पाँच सयभन्दा कम भएको कर्मचारी स्रोतले जनाएको छ ।

सवारी चालक अनुमतिपत्रको लागि लिखित परीक्षा र ट्रायल लिने गरिन्छ । लिखितमा २५ वटा प्रश्न सोधिन्छ, जसमा प्रतिप्रश्न चार अङ्क दिइन्छ । यसमा १५ वटा प्रश्नको उत्तर सही दिने परीक्षार्थी उत्तीर्ण हुन्छन् र उनीहरूले ट्रायल दिन पाउँछन् । ट्रायलमा पनि ७० प्रतिशत अङ्क ल्याउने परीक्षार्थी उत्तीर्ण हुन्छन् र लाइसेन्सका लागि हकदार हुन्छन् । यसबाहेकका परीक्षार्थीहरूको काम सेटिङमा बिचौलियामार्फत हुँदै आएको छ । मोटरसाइकल, स्कूटी, जीप, कार, भ्यान, ट्रक, टयाक्टर, कन्टेनर, वारुणयन्त्रलगायत हेभी सवारीसाधनको तहगतरूपमा रकम निर्धारण गरेर लेनदेनको कार्य हुने गरेको छ । सवारीसाधनको वर्गीकरण अनुसार १० हजारदेखि ५० हजार रुपैयाँसम्म रकम लिने गरेको स्रोतले जनाएको छ ।

ठूलो परिमाणमा रकमको लेनदेन हुने गरेकोले अहिले कर्मचारीहरूबीच मतान्तर भएको एकथरी कर्मचारी बताउँछन् । यातायात कार्यालय, लाइसेन्समा दरबन्दी, अस्थायी र करार गरेर करीब ५० जना कर्मचारी कार्यरत छन् । १५ जना करारमा र बाँकी गौतमको पक्षमा शाखा अधिकृत बबिता जैसवाल, रामअयोध्या राम, लेखापाल मनोज निरौला, सहलेखापाल कविन्द्र यादवलगायतका कर्मचारीहरू छन् ।

उनको विरुद्धमा रहेका कर्मचारीहरूले अहिले लिखित परीक्षाको जिम्मेवारी लिएका रामअयोध्या राम र ट्रायल परीक्षाको जिम्मेवारी पाएकी बबिता जैसवालको काममा हस्तक्षेपकारी भूमिका निर्वाह गर्दै आएका छन्, जसले गर्दा लाइसेन्स वितरणमा बिचौलियाको हालीमुहाली नभएको एकजना कर्मचारीले बताए । कर्मचारीहरू विभाजित भएका र अख्तियार तथा मुख्यमन्त्री कार्यालयसमेतमा उजूरी परेको कारण अहिले लाइसेन्स वितरणमा कडाइ गरिएको ती कर्मचारीले बताए । वीरगंजमा कडाइ भएसँगै यहाँका बिचौलियाहरू गौर, बर्दिबास पलायन भएका छन् । लेनदेनमा लाइसेन्स बनाउने ठेक्का लिएका बिचौलियाहरूले आआफ्नो ग्राहकको काम वीरगंजमा गराउन नसकेपछि गौर र बर्दिबास पुगेका हुन् । यातायात व्यवस्था कार्यालय मधेस प्रदेश अन्तर्गत अहिले जनकपुर, वीरगंज, लहान, बर्दिबास र गौरमा सवारी चालक अनुमतिपत्र वितरण हुँदै आएको छ । मधेस प्रदेश सरकार गठन भएपछि बर्दिबास र गौरमा थप यातायात कार्यालयको व्यवस्था गरिएको हो । यसअघि, प्रदेशको जनकपुर, वीरगंज, लहानमा मात्र लाइसेन्स वितरण हुने गर्थ्यो ।

## गौशाला जग्गा विवादः उच्च अदालतको अन्तरिम आदेश

प्रस, परवानीपुर, २७ वैशाख/

वीरगंज-जीतपुर गौशाला अन्तर्गतको जीतपुर गौशालाको जग्गामा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले अन्तरिम आदेश जारी गरेको छ ।

अदालतले जग्गाधनीको हकमा प्रारम्भिक आदेश दिंदै अन्तरिम आदेश जारी गरेको बताइएको छ । न्यायाधीश सीताराम मण्डलको इजलासले वैशाख २५ गते अन्तरिम आदेश जारी गरेको वीरगंज-जीतपुर गौशालाका अध्यक्ष वीरेन्द्रकुमार सङ्घईले जानकारी गराए ।

वीरगंजमा पत्रकार सम्मेलन गरी वीरगंज-जीतपुर गौशालाका पदाधिकारीहरूले सो कुराको जानकारी गराएका हुन् । अदालतले बाटोको म्यादबाहेक जीतपुरसिमरा उपमहानगरपालिकालाई छलफलको लागि १५ दिनको म्याद दिएको छ । अन्तरिम आदेशमा 'निवेदकको माग अनुसार आदेश जारी हुनुनपर्ने कुनै आधार र कारण भए सोको प्रमाण साथै राखी सूचना पाएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र विपक्षीहरूले आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्न' भनिएको छ ।

जीतपुरसिमरा उपमनपा-७, साबिक वडा नं ३ को कित्ता नं १ को चार कट्ठा १७ धुर, कित्ता नं २ को पाँच कट्ठा सवा छ धुर एवं सोही वडाको १४१ कित्ताको तीन कट्ठा एक धुर गरी करीब १३ कट्ठा सवा चार धुर जग्गामा निर्माण भएको घर तथा पसलमा जीतपुरसिमरा उमनपाले डोजर लगाएर गत वैशाख १७ गते भत्काएको थियो ।

जीतपुरसिमरा उमनपाको सहयोगमा



पत्रकार सम्मेलनमा जानकारी गराउँदै गौशालाका अध्यक्ष वीरेन्द्रकुमार सङ्घई । तस्वीरः राधेश्याम पटेल

वडा नं ७ का अध्यक्ष सुनीलकुमार गुप्ताको समूहले जग्गा खाली गराउन डोजर लगाएर संरचना भत्काएको थियो । गौशालाको जग्गामा निर्माण गरिएका संरचना उमनपाबाट नक्शापास नगराइ निर्माण गरिएकाले भत्काइएको नगरप्रमुख राजन पौडेलले स्पष्ट पारेका छन् ।

उक्त जग्गामा निर्माण गरिएका संरचनाको नक्शापासको लागि हामीहरू प्रक्रियामा रहेकामा दुई दिनभित्र संरचना भत्काउने सूचना जारी गर्दै गौशालाको संरचना भत्काइएकोमा ध्यानाकर्षण भएको वीरगंज-जीतपुर गौशालाका सहसचिव सञ्जय खण्डेलवालले बताए ।

पत्रकार सम्मेलनमा सहसचिव खण्डेलवालले भने, "हामी चिन्तित छौं । शुक्रवार सूचना आयो, आइतवार डोजर लगाइयो । यसरी गैरकानूनीरूपमा निजी जग्गाको सम्पत्ति क्षति गर्न पाइँदैन ।" उनले भत्काइएको संरचना पुनर्निर्माण गर्न माग गरे ।

वीरगंज-जीतपुर गौशाला मातहत वीरगंजको घडीअर्वा, रामगढवा, रानीघाट र जीतपुर बजारको पूर्व र पश्चिम राजमार्गसँग टाँसिएको जग्गा रहेका छन् । जीतपुरकै करीब दुई बिघा जग्गा आजको मूल्य अनुसार करोडौं मूल्यबराबरको रहेकामा सो जग्गा कब्जामा लिइसकेपछि स्वार्थसिद्ध गर्न सकिने अभिप्रायले डोजर चलाइएको भनेर टिप्पणी भइरहेको छ ।

## जसौली-कोहडी-हरपतगंज सडकखण्डको काम ठप्प

प्रस, परवानीपुर, २७ वैशाख/

वीरगंज महानगर-२७ उदयपुर घुर्मीको जसौली, घुर्मी, कोहडी, हरपतगंज, सुगौलीसम्म आउने सडकको कालोपत्र काम केही महीनादेखि ठप्प भएको छ ।

ठेकेदारको लापरवाहीका कारण पाँच किलोमिटर लम्बाइको उक्त सडकको निर्माण कार्य हुन नसकेको स्थानीय शिक्षक शम्भुप्रसाद यादवले बताए । पूर्वनगरप्रमुख विजय सरावगीको पालादेखि नै उक्त सडक निर्माणको ठेक्का भएको तर हालसम्म निर्माण सम्पन्न नहुँदा सो क्षेत्रका जनता सास्ती भोग्न बाध्य छन् ।

वैशाखको अन्तिम साता चलिरहँदा वर्षा आयो भने सो सडक भएर आउजाउ गर्ने हजारौं जनता मर्का पर्ने भन्दै गाउँलेहरू चिन्तित छन् ।

उक्त सडक भएर बगही, दरदरवा, रामपुर-जसौली, सौराहा, कोहडी, घुर्मी, हरपतगंज, अपौनी, सुगौलीलगायतका जनता आउजाउ गर्छन् ।

सो सडक निर्माणको ठेक्का लिएको पप्पु कन्स्ट्रक्शनका प्रबन्ध निर्देशक सुमित रौनियारले सडक निर्माणको क्रममा केही ठाउँमा साइट क्लियर नभएको र बजेट पनि पर्याप्त नहुँदा काम रोकिएको बताए । उनले पेटी कन्ट्र्याक्ट लिएका ठेकेदारले विवाद उत्पन्न गर्दा पनि काम सम्पन्न नभएको बताए ।

प्रबन्ध निर्देशक रौनियारले



सडकबारे जानकारी गराउँदै शिक्षक शम्भुप्रसाद यादव । तस्वीरः प्रतीक

वीरगंजका पूर्वप्रमुख सरावगीको पालामा

(बाँकी पाँचौं पातामा)

## चर्को घाम र पश्चिमी हावाका कारण जनजीवन प्रभावित

प्रस, सेढवा, २७ वैशाख/

विगत केही दिनदेखि चलेको पछ्या (पश्चिमी) हावा तथा चर्को घामका कारण पर्साको ग्रामीण जनजीवन कष्टकर बन्दै गएको छ ।

दैनिक बिहान १० बजेदेखि तीव्र गतिमा चलेको पछ्या हावा र चर्को घामले ग्रामीण जनजीवन असहज भएको छ । त्यसमाथि वर्षा नहुँदा काकाकुल अवस्था रहेको ग्रामीणवासी बताउँछन् ।

जगरनाथपुर गाउँपालिका-३ का महेन्द्रराम चमारले प्रतिकूल मौसमका कारण दैनिक ज्यालादारीको काम पनि प्रभावित भएको बताए । उनले चर्को घाम तथा पछ्या हावाका कारण बिहान १० बजेसम्म मात्र काम गर्न सकिएको बताए । घाम र हावाको बेवास्ता गरी दिनभरि काम गर्दा बिरामी पर्ने गरेको उनको भनाइ छ ।

तीव्ररूपमा चलेको पछ्या हावाका कारण दिउँसो ग्रामीण सडक सुनसान हुने गरेको छ । जीराभवानी गापामा कार्यरत इन्जिनीयर बन्टीकुमार चौरसियाले अहिलेको अवस्थामा दिउँसो मोटरसाइकलमा लामो दूरीको यात्रा गर्दा ज्वरो लाग्ने गरेको बताए ।

गर्मीको कारण कतिपय यात्रीको नाक/मुखबाट रगत पनि आउने उनले बताए । पछ्या हावाका कारण शरीर सुक्ने तथा हातखुट्टाका जोर्नी दुख्ने गरेको गाउँलेको भनाइ छ ।

पटेर्वासुगौली गापाका स्वास्थ्य शाखा प्रमुख भुजेन्द्रप्रसाद यादवले अहिलेको अवस्थामा घाम/हावाको प्रकोपबाट बच्न दिउँसोको समयमा घरभित्रै बस्न सल्लाह दिए । उनले सकेसम्म धेरै पानी र तरल पदार्थ सेवन गर्न सुझाव दिए ।

वर्षा नहुँदा ग्रामीण कच्ची सडक धूलाम्य हुने गरेको छ । तीव्र गतिको हावाले धूलो उडाउने र सो धूलो आँखामा पस्दा धेरैजनालाई आँखासम्बन्धी समस्या भएको छ । पानी नपरेकोले जमीन सुक्खा भएर बगैंचामा फलेका आँप झर्ने गरेको किसानहरूले बताएका छन् ।

## आयल निगमलाई पाँच हजार जरिवाना

प्रस, वीरगंज, २७ वैशाख/

नेपाल आयल निगम, क्षेत्रीय कार्यालय, वीरगंजलाई वीरगंज महानगरपालिकाले रु पाँच हजार दण्ड गरेको छ । वीरगंज महानगर-१५ लक्ष्मणवास्थित आयल निगमको क्षेत्रीय कार्यालयअगाडि बाटोमा फोहर फालेर आगो लगाएको कसूरमा महानगरपालिकाले रु पाँच हजार जरिवाना गरेको सरसफाइ अभियानका संयोजक प्रकाश खेतानले बताए ।

गर्मीको मौसममा पश्चिमी हावा चलिरहेको बेला निगमले विद्युत् ट्रान्सफर्मरमुनि फोहर फालेर आगो लगाउँदा त्यसबाट दुर्घटना हुन सक्ने सम्भावना देखिएको उनले बताए ।



तस्वीरः सौजन्य

सरसफाइतर्फ सबै सचेत हुनुपर्ने तर त्यसो नहुँदा महानगरले पछिल्लो समयमा दण्ड जरिवाना शुरू गरेको छ ।

### विचारसार एवं सूक्तिहरू

**विद्वान पुरुष सुगन्धित फूलसरह हुन्छन्, ती जहाँ जान्छन्, आनन्द साथै लिएर जान्छन् ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# शिक्षक आन्दोलन

**मुलुकमा तीन तहको सरकार छ । तीनै तहका सरकारको आआफ्नो काम, कर्तव्य र अधिकारहरू छन् । सिंहदरबारको अधिकार गाउँटोलसम्म ल्याउने नारा र उद्देश्यसँगै केही अनुभूति गर्न थालिएको पनि छ । यसको मतलब हिजोका दिनमा केन्द्र सरकारबाट हुने कतिपय कामहरू आज पालिकाबाट भइरहेका छन् । अपेक्षा गरेअनुरूप नहोला तर केही न केही त भएको छ । स्थानीय बासिन्दाका गुनासाहरू धेरै छन्, तीमध्ये अधिकांशले गर्ने गुनासा भनेको संविधानले दिएको अधिकार पालिकाले आंशिक मात्रै कार्यान्वयन गरिरहेको छ, अतः अपेक्षा र मर्म अनुसार पूर्णरूपमा कार्यान्वयन गर्न सकिरहेको छैन भन्ने हो । जनअपेक्षाअनुरूप अधिकार कार्यान्वयन गर्न नसकेको आरोपमा नै अघिल्लो निर्वाचनमा पालिका चुनाव जितेका अधिकांश जनप्रतिनिधि यसपटक पराजित भएका हुन् ।**

**जनप्रतिनिधिलाई काम गर्न नसकेको आरोप लगाउनेहरू जनप्रतिनिधिको काममा भइरहेको अवरोधतर्फ भने आँखा चिम्लन्छन् । उदाहरणका लागि मावि तहसम्म शिक्षाको जिम्मेवारी पालिकाको अधिकार क्षेत्रभित्र आइसकेको छ । नेपालको संविधान २०७२ को अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीकृत गरिएको छ । उक्त सूचीको क्रम सङ्ख्या 'ड'मा 'आधारभूत र माध्यमिक शिक्षा' उल्लेख गरी पालिकालाई किटानी अधिकार दिइएको छ । सोहीबमोजिम जिल्ला शिक्षा कार्यालयहरू समन्वय कार्यालयमा परिणत भए, शिक्षा नियमावली पालिका आफैंले बनाउँछ । शिक्षामा अनुगमन, पुरस्कार, सम्मान र कारबाईसमेतको अधिकार पालिकालाई छ । दरबन्दी अनुसार अस्थायी, राहत, करार शिक्षक नियुक्ति र सरुवा पालिकाले गर्ने हो । आफ्नो पालिकाको शिक्षा क्षेत्रमा सुधार भए पालिकाले जश पाउने र बिग्रिएमा पनि पालिकालाई नै दोष लाग्ने भएकोले यसतर्फ उसको सक्रियता स्वाभाविक छ । मुलुकका पालिकाहरूमा शिक्षक आन्दोलनका कुरा पटकपटक आइरहेका छन् । यसमा मुख्यतः शिक्षक सरुवाको कुरालाई लिएर असन्तुष्टिहरू जाहेर भएका हुन्छन् । कतिपय अवस्थामा शिक्षकहरूले मुख्य मुद्दाको रूपमा शिक्षक सरुवालाई उठाएका हुन्छन् भने कतिपय अवस्थामा अरू नै मुख्य मुद्दा भएपनि सहायक मुद्दाको रूपमा शिक्षक सरुवाको कुरालाई पनि उठाएको पाइन्छ ।**

**अहिले वीरगंज महानगरपालिकामा शिक्षक महासङ्घले विभिन्न १० बुँदे माग राखेर अल्टिमेटम दिएको छ । महासङ्घको १० बुँदामध्ये शिक्षक सरुवाको मुद्दा पनि छ । "विद्यालयका प्रअहरूलाई मनपरी तरीकाले सरुवा गरिएको" आरोप छ । सरुवा र मनपरी सरुवा फरक कुरा हुन् । शिक्षक सरुवा गर्ने अधिकार पालिकालाई छ तर त्यसमा नियम, कानून तथा विधि विधान र प्रक्रिया पुर्‍याएर औचित्यपूर्ण हुनुपर्छ । यसो नभए मनपरी ठहर्छ । कतिपय पालिकाले विधि, विधान तथा प्रक्रिया पुर्‍याए पनि औचित्य पूरा नहुने किसिमले शिक्षकको सरुवा गरिदिएका छन् । औचित्य पूरा गर्नु र नगर्नु कानूनी कुरा होइन, नैतिकताको कुरा हो । जसले विनाऔचित्यको काम तथा निर्णय गर्छ, [redacted] पाउने हो । आफूले चाहेको [redacted] शर्तमा शिक्षक सेवा प्रवेश गरिएको [redacted] समाजको अगुवा शक्ति भएकोले [redacted] झुक्नु फरक कुरा हो । अन्यथा [redacted] विधि, विद्यान, प्रक्रिया र औचित्य [redacted] ।**

# परीक्षा, परीक्षार्थी र आउँदो समय

## स्वतन्त्र विचार



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

> **जीवनमा सफलताको लागि आफ्नो मिहिनेतभन्दा ठूलो अरू केही हुन सक्दैन । आउँदो समयको लागि वर्तमान धरातल हो र धरातल अर्थात् घरको जगलाई जति बलियो बनाउन सक्यो, घरलाई त्यत्ति बलियो बनाउन सकिन्छ ।**

अहिले विद्यालय तहको अन्तिम परीक्षा चलिरहेको छ । विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह हटाएर विद्यालय तहमा गाभिएपछि विद्यालय तहको अन्तिम परीक्षा कक्षा १२ हुन पुगेको हो । अहिले कक्षा १२ को अन्तिम परीक्षा चलिरहेको छ । देशभरमा लाखौं परीक्षार्थी कक्षा १२ को परीक्षामा सम्मिलित छन् । यस परीक्षापछि विद्यार्थीको उच्च अध्ययनको बाटो खुल्ने गर्छ । हुनत कुन विषय लिएर स्नातक पढ्ने भन्ने कुराको निर्धारण करीबकरीब विद्यार्थीले कक्षा ११ मैं गरिसकेका छन् । कक्षा ११ मा रजिस्ट्रेसन हुने र रजिस्ट्रेसनको समयसम्म विद्यार्थीले आफ्नो विषय निर्धारण गरिसक्नुपर्ने हुन्छ । सामान्यतया अहिलेको अवस्थामा विद्यार्थीले सबैभन्दा बढी वाणिज्य विषय लिएर पढेको देखिन्छ । वाणिज्यपछि विज्ञानको स्थान छ । मानविकी तथा शिक्षाशास्त्र निकै कमले लिएर पढेका छन् । यद्यपि कानून विषय पनि यसै तहमा पढ्नेहरू छन् । यसरी विषय विविधीकरण भएकाले विद्यार्थीका लागि सहुलियत अनुसार छनोट गर्ने अवस्था रहेको छ । विद्यार्थीले आफ्नो रुचि अनुसारको विषय पढ्न पाउने अवस्था रहेको छ ।

अहिले कक्षा १२ सम्म पढाइ हुने विद्यालयहरूको सङ्ख्या पर्याप्त रहेको छ । पर्याप्त सङ्ख्या भएको कारण विद्यार्थीलाई सहज भएको छ । अधिकांश विद्यार्थीले चाहेमा घरबाटै अध्ययनको मौका पाउने अवस्था रहेको छ । अहिले कुनै पनि विषयको पठनपाठनको लागि विद्यालयलाई अनुमति लिन खासै गाह्रो पनि छैन । स्थानीय तहले नै सञ्चालनको अनुमति दिने र विषय थपको पनि अनुमति दिने गर्छ । यसले गर्दा विद्यार्थी तथा अभिभावकको माग भएपछि विद्यालयले पहल गरेर सजिलै अनुमति प्राप्त गरी नयाँ विषयको पठनपाठन गराउन सम्भव भएको छ । यसले गर्दा हरेक वर्ष कक्षा ११ र १२ पढाइ हुने विद्यालयको सङ्ख्या बढ्दै गएको छ । विद्यालयको सङ्ख्या बढ्दै जाँदा विद्यार्थीलाई सहुलियत पनि बढ्दै गएको छ, विद्यार्थीले आफ्नो घरनजीकै पढ्न पाइरहेका छन् । यस सँगसँगै परीक्षा केन्द्रको सङ्ख्या र पायकता पनि बढिरहेको छ । अब पहिलेको जस्तो धेरै टाढा गएर परीक्षार्थीले परीक्षा दिइरहनुपरेको छैन । परीक्षाको लागि नै डेरा लिनुपर्ने परीक्षार्थीको सङ्ख्या कम भएको छ र घरबाटै परीक्षा केन्द्रसम्म सजिलै पुगेर परीक्षा दिई हरेक दिन घर फर्किन सजिलो हुने परीक्षार्थीको सङ्ख्या बढिरहेको छ ।

विद्यार्थीहरूको अगाडि विषय छनोट गर्ने मुख्य तीन आधार रहेका छन् । पहिलो आधार हो– उपलब्धता, दोस्रो– रुचि र तेस्रो– लहड अर्थात् देखासिकी । चौथोमा अभिभावकको चाहना पनि हुने गरेको छ । सामान्यरूपमा घरनजीकको विद्यालयमा जुन विषयको पढाइ भइरहेको छ, विद्यार्थीहरूले त्यसैलाई रोज्छन् तर घरनजीकको विद्यालयमा पठनपाठन नहुने अवस्थामा कतिपयले आफ्नो रुचिको विषयको लागि अन्यत्र गएर पनि पढेका पाइन्छन् । विद्यार्थीले आफ्नो रुचि अनुसारको विषय पढ्न पाउँदा खुशी पनि हुन्छन्, साथै उपलब्धि पनि बढी हुने सम्भावना रहन्छ । विद्यार्थी जब विद्यालयमा पढ्न जान थाल्छन् र देख्छन् कि आफ्ना साथीहरूले कुन कुन विषय पढिरहेका छन्, त्यही विषय रोज्न थाल्छन् । यसरी लहडमा विषय रोज्नेको सङ्ख्या पनि कम छैन । साथीहरूको समूहले जुन विषयलाई पढ्ने मनोविज्ञान बनाउँछन्, सोही विषयमा अरूनिकटका विद्यार्थीले पनि पढ्ने मनसाय बनाइहाल्छन् । र यी तीनभन्दा अलग कतिपय अभिभावकले नै आफ्ना छोराछोरीलाई फलानो विषय पढ्नुपर्छ भनेर प्रशिक्षित गरिरहेका हुन्छन् । उक्त विषय जहाँ पढाइ हुन्छ, त्यही नै भर्नाको वातावरण बनाउँछन् । भर्ना गरिदिन्छन् । भर्ना भएपछि विद्यार्थीले अभिभावकको सपना साकार पार्नको लागि खूब मिहिनेत गर्छन् । हुनत विद्यार्थीले जुन विषय लिएर पढे पनि हुन्छ तर मुख्य कुरो मिहिनेत नै हो । विद्यार्थीले मिहिनेत गरेर पढेमा जुन विषयमा पनि उच्च सफलता हासिल गर्न सक्छन् ।

अहिले जुन परीक्षा चलिरहेको छ, यसको नतीजा आउन दुई/तीन महीना लाग्छ नै । अहिले परीक्षा दिइरहेका परीक्षार्थीहरूको समय नतीजा प्रकाशन नहुन्जेल एक किसिमले खाली हुन्छ । अनि नतीजा प्रकाशन भएपछि फेरि माथिल्लो पढाइको लागि जहाँ पढ्नुपर्ने हो, त्यहाँ जान्छन् । यसपछिको पढाइ भन्नु स्नातक तहको पढाइ हो । अहिले विज्ञान विषय लिएर पढेका र परीक्षा दिइरहेका विद्यार्थीका लागि सबैभन्दा बढी क्षेत्र सुरक्षित हुन्छ । विज्ञान विषय लिएर पढेका विद्यार्थीमध्ये कतिपयले पहिले नै उद्देश्य बनाइसकेका हुन्छन् कि आफूलाई चिकित्सा वा इन्जिनीयरिङतर्फ जानु छ । यसैगरी, सोझै बिएस्सी पढ्नु छ । अन्य धेरै क्षेत्रको बाटो खुल्ने हुन्छ । परीक्षापछिको समयमा आफूलाई केमा रुचि छ र आफू कुन क्षेत्रमा सक्षम हुन सक्छु भन्ने विचार गर्ने समय पनि हुन्छ । कतिपय पढाइमा अभिभावकको आर्थिकस्तरको भूमिका पनि महत्त्वपूर्ण हुन जान्छ । साथै विभिन्न पढाइको लागि सरकार तथा अन्य क्षेत्रबाट विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था पनि रहेको छ । विद्यार्थी चनाखो भएमा र समयमा छात्रवृत्तिको प्रक्रियामा लागेमा पठनपाठनमा छात्रवृत्तिले ठूलो सहयोग पुग्ने सम्भावना रहन्छ ।

सामान्यतया परीक्षाको समयमा परीक्षार्थीहरूको उत्साह निकै देखिन्छ । परीक्षाप्रति परीक्षार्थीहरूमा देखिइने ऊर्जा सम्मानयोग्य हुन्छ तर के भनिन थालिएको छ भने परीक्षाको समयमा देखिने उत्साह र ऊर्जा पढाइको समयमा हुँदैन । अधिकांश विद्यालयमा पढ्ने बेलामा जति परीक्षार्थीको उपस्थिति हुन्छ, त्यसभन्दा निकै धेरै सङ्ख्यामा परीक्षामा सोही विद्यालयका विद्यार्थीको उपस्थिति हुन्छ । यसको अर्थ स्वाध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या पनि पर्याप्त हुन्छ । र यही प्रवृत्ति केही हदसम्म स्नातक तहको क्याम्पसमा पनि देखिएको छ । विद्यार्थीहरू कक्षाकोठामा बसेर पढ्न चाहँदैनन् तर परीक्षामा सहभागी भइरहेका हुन्छन् । परीक्षा उत्तीर्ण पनि गरिरहेका हुन्छन् । स्वाध्ययनले पनि अहिलेको शिक्षामा राम्रो योगदान दिइरहेको बुझ्न सकिन्छ तर सबैतिरबाट के आलोचना भइरहेको छ भने शिक्षाको स्तर कमजोर भइरहेको छ । विभिन्न सेवा आयोगहरूले निकाल्ने विज्ञापनमा आवश्यक मात्रामा परीक्षार्थी उत्तीर्ण हुन नसकेर कतिपय सिट खाली नै रहेको अवस्था पनि देखिएको छ । अहिले परीक्षा दिइरहेका परीक्षार्थीहरूले यही कुरालाई पनि ध्यान दिनु जरुरी छ कि आउँदो समयमा आफूलाई अझ योग्य बनाउन राम्ररी पढ्नुपरेको छ र अहिले परीक्षा सकिएपछि नतीजा आउनुभन्दा पहिलेको समयलाई सम्भव भएसम्म यसरी व्यवस्थापन गर्नुपर्छ कि आउँदो दिनमा आफूलाई यस समयले निरन्तर सहयोग गरिरहोस् ।

समय खेर फाल्न सजिलो छ तर खेर गएको समयलाई बटुल्न सकिंदैन । समय खेर फाल्नलाई कुनै मूल्य चाहिंदैन तर खेर गएको समय कति अमूल्य हो भने जतिसुकै मूल्य चुकाए पनि खेर गएको समय फर्काउन सकिंदैन । समयको यही मूल्यलाई बुझेर अहिले परीक्षा दिइरहेका नवयुवा र देशको भविष्य भनेर चिन्न सकिने परीक्षार्थीहरूले आफूले भविष्यमा पढ्ने भनेर चिताएको विषयको तयारी गर्नुपर्छ । नतीजा नआउँदासम्मको अवधिलाई यसरी उपयोग गर्नुपर्छ कि स्नातक तहमा नाम लेखाउन कुनै समस्या नै नहोओस् र आफूलाई स्नातकमा अब्बल साबित गर्न सकियोस् । अहिले घरमैं पनि बसेर राम्ररी अध्ययन गर्न सकिन्छ, तयारी गर्न सकिन्छ किनभने इन्टरनेटले गर्दा धेरै सजिलो भइसकेको छ । कतै तयारी कक्षा भइरहेको छ भने पनि घरबाटै उक्त कक्षा गर्न सकिन्छ वा इन्टरनेटमा रहेका आफूलाई मन लागेको विषयका सामग्रीहरूलाई उपयोग गर्न सकिन्छ । इन्टरनेटको सहाराले घरमैं बसेर पनि राम्ररी तयारी गर्न सकिन्छ । राम्ररी तयारी गरिएको अवस्थामा अहिलेको भन्दा अझ राम्रो नतीजा स्नातकमा ल्याउन सकिन्छ । अहिले चलिरहेको परीक्षामा उच्चतम सफलता प्राप्त होओस् भन्ने शुभकामना पनि सम्पूर्ण सहभागी परीक्षार्थीहरूलाई दिन चाहन्छु ।

अहिले चलिरहेको परीक्षा नै पढाइको अन्तिम गन्तव्य होइन भने उच्च शिक्षा अध्ययनको लागि यो तयारी मात्र हो । राम्ररी पढ्ने विद्यार्थीलाई भविष्यमा रोजगारका लागि समस्या हुँदैन । विषयवस्तुमाथि आफ्नो कमान्ड हुनु अनिवार्य छ । विषयवस्तुमाथि कमान्ड भएमा आफूले चाहेको क्षेत्रको रोजगारको तयारी गर्न पनि सजिलो हुन्छ । त्यसपछि जीवन सहज लाग्न थाल्छ । यसको अर्थ यो पनि हो कि अहिलेको परीक्षा पनि जीवनको लागि एउटा तयारी नै हो । सम्भव भएसम्म निकै धेरै परिश्रम गरी परीक्षाको लागि उच्चतम र अधिकतम तयारी हरेक दिन गर्नु राम्रो हुन्छ । गएको समयमा राम्ररी पढ्न पाइएन भनेर पछुतो मान्नुको अहिले कुनै अर्थ रहँदैन । अहिले परीक्षा दिनुपर्ने विषयको हरेक दिन परीक्षाको तयारी निकै कडा मिहिनेतपूर्वक गर्ने हो भने अहिलेको परीक्षाको लागि केही सहयोग त पुग्छ नै साथमा आउँदो समयमा परिश्रम गर्ने बानीको पनि विकास हुन्छ । यस महत्त्वपूर्ण उपलब्धिले जीवनलाई सजिलो बाटोमा लैजान निकै सहयोग गर्नेछ । अतः अहिले कक्षा १२ को परीक्षा दिइरहेका परीक्षार्थीहरूले यो कुरा मनन गर्नु जरुरी छ कि आफू निकै महत्त्वपूर्ण मान्छे हुँ र भविष्यमा मेरो महत्त्व अझ निकै बढ्नेछ किनभने मैले मिहिनेत गरेको छु तथा आउँदो समयमा अझ बढी मिहिनेत गर्ने वातावरण तयार गरेको छु । जीवनमा सफलताको लागि आफ्नो मिहिनेतभन्दा ठूलो अरू केही हुन सक्दैन । आउँदो समयको लागि वर्तमान धरातल हो र धरातल अर्थात् घरको जगलाई जति बलियो बनाउन सक्यो, घरलाई त्यत्ति बलियो बनाउन सकिन्छ ।

# सर्लाहीका सामुदायिक वनहरूको स्थलगत अनुगमन

सर्लाही, २७ वैशाख/रासस

सर्लाहीका १३ सामुदायिक वनको स्थलगत अनुगमन गरिएको छ । जिल्लाका सामुदायिक वनमा हुने गरेको चोरी तस्करीलाई दृष्टिगत गर्दै स्थलगत अनुगमन गरिएको डिभिजन वन कार्यालयका प्रमुख एवं डिभिजन वन अधिकृत मन्जुर अहमदले जानकारी दिए ।

उनका अनुसार ८४ वटा सामुदायिक वन रहेको जिल्लामा दुर्गम स्थानका १३ वटा सामुदायिक वनका साथै सामुदायिक वन उपभोक्ता समूहको वस्तुगत अवस्थालगायत विषयमा स्थलगत अनुगमन गरिएको हो । जिल्लाको दुर्गम मानिने लालबन्दी नगरपालिका–१५ र १६ का साथै ईश्वरपुर नगरपालिका–१२ तथा वाग्मती नगरपालिका–१ का विभिन्न सामुदायिक वन उपभोक्ता समूहका काठको घाटगड्डी, काठको अवस्था, सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष तथा पदाधिकारीसँग छलफल, सामुदायिक वन उपभोक्ता समूहको वस्तुगत अवस्था, उपभोक्तालाई काठ वितरणको अवस्था, सामुदायिक वन उपभोक्ता समूहले प्यान लिए/नलिएकोलगायत विषयमा अनुगमन गरिएको डिभिजन वन कार्यालयका सूचना अधिकारी राकेशरञ्जन दासले जानकारी दिए ।

उनका अनुसार जिल्लामा रहेका सामुदायिक वन उपभोक्ता समूहमा प्रायःले वार्षिक साधारणसभा नगर्ने, कार्ययोजना नबनाउने, लेखापरीक्षण नगर्ने र उपभोक्तासँग मिलेर वनजन्य पदार्थको चोरी तस्करी गर्ने गरेको स्थानीयबाट गुनासो आएपछि डिभिजन वन कार्यालयले सामुदायिक वनहरूको स्थलगत अनुगमन गरेका हुन् ।

जिल्लामा ८४ वटा सामुदायिक वन, तीनवटा साझेदारी वन, तीनवटा धार्मिक वन र १९ वटा कबुलियती वन छन् । जिल्लामा रहेका ८४ वटा सामुदायिक वनमध्ये १५ वटा सामुदायिक वनको नवीकरण, वार्षिक कार्ययोजना, लेखापरीक्षण र साधारणसभा तथा प्यान लिने काम सकिएको डिभिजन वन अधिकृत मन्जुरले बताए ।

त्यस्तै, जिल्लाका विभिन्न सामुदायिक वनका साथै साझेदारी वनबाट विभिन्न समयमा निस्केका काठ धमाधम स्थानीय उपभोक्तालाई वितरण गरिएको छ भने स्थानीय उपभोक्तालाई वितरण गरेर बाँकी रहेको काठ लिलाम बिक्री पनि भइरहेको सूचना अधिकारी दासले बताए ।



सामुदायिक वन क्षेत्र । तस्वीरः प्रतीक

डिभिजन वन कार्यालय मातहत छवटा सबडिभिजन वन कार्यालय छन् भने विगत करीब तीन वर्षदेखि काठ वितरण गरिएको थिएन । त्यसका कारण 'हाइटेन्सन लाइन'का साथै जङ्गलमा ढलेका काठ निकाल्न नपाउँदा कुहिन थालेका थिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अहिले सबैभन्दा ठूलो चुनौती स्रोतको छ -अर्थमन्त्री डा महत

काठमाडौं, २७ वैशाख/रासस

अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्षको बजेटका लागि स्रोत जुटाउन निकै सकसपूर्ण रहेको बताएका छन्।

नेपाल उद्योग वाणिज्य महासङ्घले बुधवार काठमाडौंमा आयोजना गरेको प्रि–बजेट छलफलमा उनले अनिवार्य दायित्व सिर्जना भइसकेका बहुवर्षीय र क्रमागत आयोजनाका लागि समेत स्रोत जुटाउन धौधौको अवस्था रहेकाले नयाँ आयोजनालाई कसरी बजेटमा पार्ने भनेर चुनौती रहेको बताएका हुन्।

"हजारौं आयोजनाको ठेक्का लागिसकेको छ। तर त्यसको स्रोत सुनिश्चितता गर्न समस्या छ। अहिले सबैभन्दा ठूलो चुनौती भनेको स्रोतको चुनौती हो," अर्थमन्त्री महतले भने, "सरकारी राजस्व कम छ। अनुदान र ऋण पनि लक्ष्य अनुसार सङ्कलन हुन सकेको छैन। धेरै ठाउँमा योजना दिनुपर्ने दबाब छ। तर हामीसँग स्रोत कम छ।"

अर्थतन्त्रको दायरा फराकिलो बनाउन लगानी बढाउने विषय सरकारको प्राथमिकतामा रहेको पनि अर्थमन्त्री महतको भनाइ छ। "लगानीलाई सहज बनाउनुको विकल्प छैन। जति लगानी बढ्छ, त्यति राजस्व बढ्छ। नियम कानून पालना गरेर सहजरूपमा उद्यम गर्न सक्ने वातावरण तयार पार्न सरकार कटिबद्ध छ," उनले भने।

अर्थतन्त्र सुधारका लागि नयाँ अध्याय शुरू गर्नुपर्ने बेला आएको पनि अर्थमन्त्री डा महतले बताए। अहिले पूँजीगत खर्च



तस्वीरः रासस

बढाउने र सार्वजनिक खर्च कटौती गर्नतर्फ सरकारको ध्यान केन्द्रित रहेको पनि उनको भनाइ छ।

मौद्रिक नीतिको समीक्षामार्फत ब्याजदर घटाउनेलगायत केही काम गर्न सकिने तथा विभिन्न क्षेत्रमा नीतिगत सुधार (पोलिसी इन्टरभेन्सन) आवश्यक रहेको पनि महतले उल्लेख गरे।

आगामी आर्थिक वर्षको बजेटबारे निजी क्षेत्रका तर्फबाट सरकारलाई सुझाव प्रस्तुत गर्दै महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले अर्थतन्त्रको संरचनात्मक सुधार आवश्यक रहेको बताए। त्यस्तै, निजी क्षेत्रको सहकार्यमा आर्थिक सुधारका कार्यक्रम शुरू गर्न सरकारले कत्ति पनि ढिलाइ गर्न नहुने पनि उनले बताए।

"भारत, चीन, रूवान्डा, बङ्गलादेशजस्ता मुलुकमा गरीबी तीव्ररूपमा घट्नुको कारण भनेको निजी क्षेत्रको नेतृत्वमा आर्थिक सुधारका कार्यक्रम अगाडि बढाउनु हो," ढकालले भने, "अब आउने नीतिले त्यो आँट गर्नुपर्छ। हामी यत्तिकै बस्यौं भने अर्थतन्त्रमा सुधार हुँदैन।"

अर्थतन्त्र सुधारको प्रयास मौद्रिक नीतिको चौथो त्रैमासिक समीक्षा, आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट र मौद्रिक नीतिमार्फत गरिनुपर्ने सुझाव ढकालको छ।

स्वदेशी तथा विदेशी लगानीलाई बढाउन जरुरी रहेको पनि उनले बताए। "अहिलेको हाम्रो प्राथमिकता भनेको स्वदेशी र विदेशी लगानीलाई प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गर्नु पनि हो। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन ल्याउने, एकद्वार केन्द्र स्थापना गर्नेलगायतका काम गर्दा पनि लगानी बढ्न सकेको छैन। यसबारे सरकार गम्भीर हुन जरुरी छ," अध्यक्ष ढकालले भने।

कार्यक्रममा महासङ्घका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले उत्पादन र रोजगारलाई केन्द्रमा राखेर बजेट ल्याइनुपर्ने बताए। आन्तरिक उत्पादन बढाएर आत्मनिर्भर अर्थतन्त्र स्थापना गर्न सकेमा मात्रै त्यो दिगो हुने उनको भनाइ छ।

# पूर्वगृहमन्त्री खाँणलाई तीन दिन हिरासतमा राख्न अनुमति

काठमाडौं, २७ वैशाख/रासस

नेपाली काङ्ग्रेसका केन्द्रय सदस्य एवं पूर्वगृहमन्त्री बालकृष्ण खाँण र उनका स्वकीय सचिव नरेन्द्र केसीलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतले प्रहरीलाई अनुमति दिएको छ।

नक्कली शरणार्थी बनाइ अमेरिका पठाउने लोभ देखाएर करोडौं रकम ठगी गरेको घटनामा जोडिएपछि आजै उनलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। उनीसँगै उनका स्वकीय सचिव केसीलाई पनि प्रहरीले पक्राउ गरेको थियो। हिजो पक्राउ परेकाहरूको हकमा भने चार दिन म्याद थप भएको जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए। जिल्ला सरकारी वकीलको कार्यालय, काठमाडौंले आज पक्राउ परेका खाँण र केसीको हकमा तीन दिन र अन्यको हकमा चार दिन म्याद थपको सिफारिशसहित अदालतमा पेश गरेको थियो। अदालतबाट माग भएबमोजिम नै म्याद थप भएको छ।

उक्त घटनामा अहिलेसम्म प्रहरीले १२ जनालाई पक्राउ गरी अनुसन्धान जारी राखेको छ। यसअघि हिजो मङ्गलवार काठमाडौंको टोखा बस्ने रामशरण केसी र मोरङ घर भएका



गोविन्द चौधरीलाई प्रहरीले पक्राउ गरेको थियो।

त्यसअघि प्रहरीले तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजीत राईसहित बहालवाला सचिव (तत्कालीन गृहसचिव) टेकनारायण पाण्डे, सन्दीप रायमाझी, केशव दुलाल, सानु भण्डारी, टङ्क गुरुङ, सन्देश शर्मा पोखरेल र सागर थुलुङलाई पक्राउ गरिसकेको छ। सचिव पाण्डेलाई हाल निलम्बन गरिएको छ।

उक्त घटनामा मुछिएका नेकपा (एमाले)का सचिव एवं पूर्वमन्त्री टोपबहादुर रायमाझीलाई भने प्रहरीले खोजी गरिरहेको छ। उनलाई एमालेले आजै सचिवबाट निलम्बन पनि गरिसकेको छ।

उक्त घटनामा हालसम्म १०६ जनाले २० वटा जाहेरी दिएका छन्। उनीहरूले कुल रु २३ करोड २५ लाख ठगी भएको भनी जाहेरी दिएका छन्।

# शोधनान्तर स्थिति बचतमा, मूल्यवृद्धिले वाञ्छित सीमा नाघ्यो

काठमाडौं, २७ वैशाख/रासस

चालू आर्थिक वर्षको चैतसम्ममा शोधनान्तर स्थिति रु १८० अर्ब १७ करोडले बचतमा रहेको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको वित्तीय विवरण अनुसार यस अवधिमा विदेशी विनिमय सञ्चिति रु १४ खर्ब ३३ अर्ब ७३ करोड र अमेरिकी डलरमा १० अर्ब ९४ करोड पुगेको छ।

चालू आर्थिक वर्षको सुरुआती नौ महीनाको आयातलाई आधार मान्दा हालको विदेशी विनिमय सञ्चितिले ११ महीनाको वस्तु आयात र नौ दशमलव चार महीनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले जनाएको छ। राष्ट्र बैंकका अनुसार गत चैत मसान्तसम्म मूल्यवृद्धि सरकारले राखेको वाञ्छित सीमाभन्दा शून्य दशमलव ७६ प्रतिशत बिन्दुले बढी देखिएको छ।

चालू आवका लागि सरकारले मूल्यवृद्धि सात प्रतिशतको सीमाभित्र राख्ने जनाएको थियो। तर चैत मसान्तसम्ममा वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति सात दशमलव ७६ प्रतिशत रहेको छ।

समीक्षा अवधिमा सङ्घीय सरकारको खर्च रु खर्ब ४३ अर्ब पाँच करोड र राजस्व परिचालन रु छ खर्ब ८३ अर्ब ८१ करोड छ। यो अवधिसम्ममा विस्तृत मुद्राप्रदाय छ दशमलव छ प्रतिशतले बढेको छ।

चैत मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन सात प्रतिशतले र कर्जा प्रवाह तीन दशमलव पाँच प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ। वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर ११ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर तीन दशमलव दुई प्रतिशत बराबर हो।

नौ महीनामा विप्रेषण आप्रवाह २४ दशमलव दुई प्रतिशतले बढेको छ। त्यस्तै, आयात १८ दशमलव एक प्रतिशतले तथा निर्यात २६ दशमलव तीन प्रतिशतले घट्दा कुल वस्तु व्यापार घाटा १७ दशमलव एक प्रतिशतले घटेको छ।

# बेंगा माविमा अङ्ग्रेजी माध्यमबाट अध्यापन



तस्वीरः प्रतीक

प्रस, परवानीपुर, २७ वैशाख/

बाराको प्रसौनी गाउँपालिकास्थित बेंगा साह माविमा अङ्ग्रेजी माध्यमबाट अध्यापन शुरू भएको छ। गापाध्यक्ष विनोद जैसवालले अङ्ग्रेजी माध्यमबाट पठनपाठन हुने कक्षाको उद्घाटन गरेका थिए। प्रधानाध्यापक मनोजकुमार साहको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष किरण देवी, प्रमुख प्रशासकीय अधिकृत सुमित सिंह, लेखा अधिकृत प्रेमबाबू पटेल, शिक्षा शाखा प्रमुख सन्तोष रौनियार, वडा नं २ का अध्यक्ष हृदयकुमार साह, कार्यपालिका सदस्य शिवजी गुप्ता, अङ्ग्रेजी माध्यमका इन्चार्ज अनोज यादव, धनेश्वर कुशवाहालगायत शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थीहरूको सहभागिता थियो।

# भन्सार छलीको सामान बरामद

प्रस, वीरगंज, २७ वैशाख/

जिल्ला प्रहरी कार्यालय, बाराले भन्सार छलीका सामानहरू बरामद गरेर वीरगंज भन्सार चलान गरेको छ।

बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुरुषोत्तम पाण्डेले भारतबाट नेपालतर्फ आएको बिआर०५भी ७६६६ नम्बरको मोटरसाइकलबाट एडप्टर चार्जर ३४ वटा, ब्लुटुथ ९० वटा र घडी ९० वटा बरामद भएको बताए।

प्रहरीलाई हेरेर मोटरसाइकल छोडेर भागेको र प्रहरीले बरामद मोटरसाइकलबाट सो परिमाणको भन्सार छलीका सामान बरामद गरी वीरगंज भन्सार कार्यालय पठाएको प्रवक्ता पाण्डेले बताए।

त्यस्तै, वडा प्रहरी कार्यालय, बिर्ताले बिलबीजकभन्दा बढीको सामान भएको दाबी गर्दै अनुसन्धानको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरेको छ।

वप्रका बिर्ताका प्रनि विदुर शिवाकोटीले हिजो राति ८:३० बजे वीरगंज महानगर–१६ नगवा चोकबाट ना.६ख २४३४ नम्बरको ट्रक नियन्त्रणमा लिएर सो ट्रकमा रहेका बिलहरूमध्ये केही बिलको भिसिटिएस नरहेकाले ट्रकलाई आवश्यक अनुसन्धानको लागि राजस्व अनुसन्धान कार्यालय पथलैया पठाइएको बताए।

# चैतसम्म रु नौ खर्ब विप्रेषण भित्रियो

काठमाडौं, २७ वैशाख/रासस

चालू आर्थिक वर्ष २०७९/८० को नौ महीनामा विप्रेषण आप्रवाहमा उल्लेख्य सुधार देखिएको छ।

नेपाल राष्ट्र बैंकका अनुसार चैत मसान्तसम्ममा विप्रेषण आप्रवाह २४ दशमलव दुई प्रतिशतले बढेर रु नौ खर्ब तीन अर्ब ३९ करोड पुगेको हो। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण शून्य दशमलव दुई प्रतिशतले घटेको थियो।

गत चैतसम्ममा नेपालले प्राप्त गरेको विप्रेषण अमेरिकी डलर छ अर्ब ९२ करोड बराबर हो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह वृद्धिदर १३ दशमलव नौ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ। चालू आर्थिक वर्षको चैत मसान्तसम्ममा वैदेशिक रोजगारका लागि




अन्तिम श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या ५१ दशमलव पाँच प्रतिशतले बढेर तीन तीन लाख ८७ हजार ८३९ पुगेको छ।

त्यसैगरी, वैदेशिक रोजगारका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या यो अवधिमा पाँच दशमलव पाँच प्रतिशतले बढेर दुई लाख १७ हजार ९५९ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या १९९ दशमलव नौ प्रतिशतले बढेको थियो।

# स्वास्थ्य चौकी बिरुवागुठीको शिलान्यास


तस्वीरः प्रतीक

नरेश यादव, पर्सागढी, २७ वैशाख/

पर्सागढी नगरपालिका–४ बर्बाटाँडीस्थित स्वास्थ्य चौकी बिरुवागुठीको शिलान्यास भएको छ। प्रदेशसभा सदस्य श्यामप्रसाद पटेल र नगरप्रमुख गोकर्ण पाठकले स्वास्थ्य चौकीको संयुक्त शिलान्यास गरेका हुन्।

नगरपालिकाको रु १० लाख र प्रदेशसभा सदस्य पटेलको संसदीय कोषबाट रु १५ लाख गरी २५ लाखको लागतमा स्वास्थ्य चौकी निर्माण हुने कार्यक्रममा जानकारी गराइएको थियो। वडाध्यक्ष शेख खुर्सेदको अध्यक्षतामा भएको कार्यक्रममा उपभोक्ता समितिका अध्यक्ष गोकर्ण मैनाली, सचिव आलोककुमार सिंह, वडासदस्य रुस्तम हवारी, समाजसेवी रामप्रसाद पाठक, जङ्गबहादुरदास थारू, अच्छेलाल यादव लगायतको सहभागिता थियो।



वर्षा नभएपछि चैते धानबालीमा भूमिगत जलस्रोतबाट सिंचाइ गर्दै बाराका किसान। मलखादको अभाव पनि रहेको किसानहरूको गुनासो छ। तस्वीरः जीतलाल श्रेष्ठ

# सचेतनामूलक पर्चा वितरण


तस्वीरः सौजन्य

वीरगंज, २७ वैशाख/

समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक सेवा केन्द्र श्रीपुर, मुर्लीले 'विपद् समयमा सचेत रहौं र सुरक्षित रहौं' नाराका साथ जनचेतनामूलक पर्चा वितरण गरेको छ।

कार्यक्रममा २०५ जना सर्वसाधारणलाई सचेतनामूलक पर्चा वितरण गरिएको थियो। केन्द्रका सचिव कुलनारायण प्रधानको अध्यक्षतामा भएको कार्यक्रममा प्रहरी वरिष्ठ हवलदार गणेशप्रसाद यादवलगायतको सहभागिता थियो।

# यस कारण घट्यो ३४ जिल्लाको जनसङ्ख्या

– शरद् शर्मा

काठमाडौं, २७ वैशाख/रासस

नेपालमा जनसाङ्ख्यिक वितरणमा असन्तुलन पाइएको छ । राष्ट्रिय जनगणना, २०७८ ले नेपालको जनसाङ्ख्यिक असन्तुलनले हिमाल र पहाडका ३४ वटा जिल्लाको जनसङ्ख्या वृद्धिदर ऋणात्मक भएको देखाएको छ।


तस्वीरः फाइल

जनगणना अनुसार रामेछाप, खोटाङ, मनाङ, भोजपुर, तेह्रथुम, स्याङ्जा, गुल्मी, अछाम, पर्वत, अर्घाखाँची र पाँचथर जिल्लामा जनसङ्ख्या घटेको छ।

यसैगरी, सिन्धुपाल्चोक, धनकुटा, दोलखा, गोरखा, बागलुङ, लमजुङ, पाल्पा, म्याग्दी, ओखलढुङ्गा, ताप्लेजुङ, नुवाकोट, काभ्रेपलाञ्चोक, इलाम, दैलेख, बैतडीमा पनि जनसङ्ख्या घटेको छ । डोटी, धादिङ, बझाङ, डडेल्धुरा, सल्यान, सोलुखुम्बु, तनहुँ, सङ्खुवासभामा पनि जनसङ्ख्या घटिरहेको छ।

त्रिवि केन्द्रीय जनसङ्ख्या अध्ययन केन्द्रीय विभागका प्रमुख प्राडा योगेन्द्र गुरुङ सेवा सुविधा केन्द्रिकृत भएर मानिस बसाइँसराइ गर्दा जनसङ्ख्या ती जिल्लामा घटेको बताउँछन् । “जहाँ सेवा सुविधा केन्द्रित छन्, त्यहाँ बसाइँसराइ बढी भएको छ । वैदेशिक रोजगारले गर्दा आर्थिक अवस्था राम्रो भयो । त्यसले राम्रो अवसर, शिक्षा, स्वास्थ्य, रोजगार खोज्न थालेपछि बसाइँसराइ भयो,” उनले भने, “अनि जनसङ्ख्या वृद्धिदरमा पनि कमी भयो।”

रामेछाप र सिन्धुपाल्चोकमा भूकम्पले गर्दा असर गरेर धेरै मानिसले काठमाडौं बसाइँसराइ गरेका छन् । जनगणनाले सेवा सुविधा अझै केन्द्रित रहेकाले नै हिमाली तथा पहाडी जिल्लाबाट बसाइँसराइ तराईमा भएको देखाएको छ। गुरुङले प्रदेशलाई अधिकारसम्पन्न बनाउने हो भने प्रदेशहरूले गर्न सक्ने विकास आफ्नो जिल्लामा गर्ने र ती जिल्लाको जनसङ्ख्या त्यहीं रोकिन सक्ने बताए।

केन्द्रीय विभागका प्राडा गुरुङका अनुसार जनगणनाले नेपालको जनसाङ्ख्यिक वितरणमा व्यापक असन्तुलन देखाएकाले यसको उचित सम्बोधनका लागि तीनै तहका सरकार गम्भीर हुनुपर्छ।

सबैभन्दा बढी जनसङ्ख्या क्षय भएको जिल्ला रामेछाप हो। जनगणनाको प्रतिवेदन अनुसार २०६८ सालमा दुई लाख दुई हजार ६४६ जनसङ्ख्या रहेकामा २०७८ मा एक लाख ७० हजार ३०२ मात्र जनसङ्ख्या रहेको छ। रामेछापमा ३२ हजार जनसङ्ख्या घटेको छ।

रामेछापबाट भूकम्प र खानेपानीको कारणले मानिस बसाइँसराइ गरेको पाइएको छ । यस्तै, ताप्लेजुङमा पनि जनसङ्ख्या घटेको छ। विसं २०६८ को जनगणनामा एक लाख २७ हजार ४६१ जनसङ्ख्या रहेको ताप्लेजुङमा अहिले एक लाख २० हजार ५९० मात्र जनसङ्ख्या रहेको छ।

जिल्लाको आठराई त्रिवेणी गाउँपालिकाका अध्यक्ष दिपेन पोमुले हिमाल र पहाडलाई राज्यले हेर्ने दृष्टिकोणमा फरक गर्नुपर्ने बताउँछन् । “राज्यले तराईका जिल्लामा जनसङ्ख्याको आधारमा बजेट धेरै विनियोजन गर्छ र त्यहाँ सेवा सुविधा बढी हुन्छन् तर हिमाली र पहाडी क्षेत्रका जिल्लामा कम बजेट हुन्छ र विकास निर्माण र सेवा सुविधा हामीले उपलब्ध गराउन सक्दैनौं,” उनले भने, “त्यसैले मानिसले सेवा सुविधाका लागि तराईमा बसाइँसराइ गर्छन्।”

उनी जनसङ्ख्याका आधारमा नभई भूगोलका आधारमा बजेट विनियोजन हुनुहुर्ने बताउँछन् । पहाडी र हिमाली क्षेत्रमा सरकारले आधारभूत सेवा शिक्षा, स्वास्थ्यजस्ता सुविधा पुऱ्याए मात्र जनसङ्ख्याको सन्तुलन कायम हुने र नभए झन् घट्ने स्थिति हुने उनको भनाइ छ।

पोमुका अनुसार बसाइँसराइ नहोस् भन्नका लागि आफ्नो पालिकामा बिजुली निश्शुल्क र १२ कक्षासम्मको शिक्षा निश्शुल्क गर्दा पनि बसाइँसराइ बढिरहेको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको जनगणना शाखाका प्रमुख ढुण्डीराज लामिछानेले भौगोलिक क्षेत्र अनुसार हिमाली क्षेत्रको जनसङ्ख्या घटेको बताए। जनगणना अनुसार नेपालको जनसङ्ख्या १० वर्षमा करीब १० प्रतिशतले बढेको छ। वार्षिक वृद्धिदर भने शून्य दशमलव ९२ प्रतिशतले जनसङ्ख्या वृद्धिदर रहेको छ।

उनका अनुसार जनगणनामा जनसङ्ख्या वृद्धिदर शून्य दशमलव पाँच प्रतिशत हिमालमा, तीन दशमलव १९ प्रतिशत पहाडमा र १७ दशमलव ३८ प्रतिशत तराईमा छ। हिमालमा २०६८ सालमा १७ लाख ८१ हजार जनसङ्ख्या रहेकामा अहिले १७ लाख ७२ हजार जनसङ्ख्या रहेको छ।

१० वर्षमा नेपालको जनसङ्ख्या २६ लाख ७० हजारले बढ्दा तराईमा मात्र २३ लाख १५ हजारले बढेको छ। पहाडमा १० वर्षमा तीन लाख ६३ हजारले जनसङ्ख्या बढेको छ।

प्राडा गुरुङले मुलुक सङ्घीय संरचनामा गइसकेपछि गाउँगाउँमा सिंहदरबार भने पनि मानिसले त्यस कुराको अनुभूति नगरेकाले बसाइँसराइ गर्ने दर बढेको बताउँछन् । “बसोबास गरिरहेको ठाउँमा नै बस्ने वा नयाँ मान्छे त्यस ठाउँमा बसाइँ सरेर आउने वातावरण बनाउनुपर्दछ,” प्राडा गुरुङ भन्छन्, “हिमाली र पहाडी क्षेत्रमा मानिसले भविष्य नदेखेपछि तराईतिर झरे, जसले गर्दा पहाडी क्षेत्रको जनसङ्ख्या वृद्धिदर ऋणात्मक देखियो।”

उनी शिक्षा, स्वास्थ्य, रोजगार, यातायातजस्ता आधारभूत सुविधा पहाडी र हिमाली क्षेत्रमा नै पाउने हो भने तराईबाट पनि मानिस पहाडतिर बसाइँ सरेर जाने र पहाडका मानिस पनि उतै अडिने बताउँछन् । “सरकारले जनसङ्ख्याको सन्तुलित वितरण गर्ने वातावरण बनाउनुपर्छ । नत्र आगामी वर्षमा हिमाल र पहाडमा मानिसको सङ्ख्या घटेर र तराईमा मानिसको सङ्ख्या अधिक बढेर अर्को असन्तुलन सिर्जना हुन सक्छ,” उनी भन्छन्।

# पुनर्स्थापनाको माग गर्दै उपप्रमुख आलमलाई ज्ञापनपत्र

प्रस, वीरगंज, २७ वैशाख/

मुक्त कमैया कमलरीमुक्त हलिया, हरवाचरवाले वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलमलाई बुधवार ज्ञापनपत्र बुझाएको छ।

नेपालको संविधानको धारा २९ शोषणविरुद्धको हक अन्तर्गत उपधारा (३)मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाधा बनाउन पाइनेछैन र उपधारा (४)मा कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइनेछैन भने धारा ४० को उपधारा (५) र (६)मा दलितहरूलाई एकपटक जमीन र आवास उपलब्ध गराउने मौलिक हकको व्यवस्था गरेको छ । तर पनि मधेस प्रदेशका आठवटा जिल्लामा रहेका करीब एक लाखभन्दा बढी हरवाचरवा परिवार अनियमित ऋणका कारण अझै पनि बधुवाको रूपमा काम गरिरहेको विभिन्न अध्ययन अनुसन्धानले देखाएको विज्ञप्तिमा उल्लेख छ।

‘मुक्त हरवाचरवाको न्यायिक पुनर्स्थापना हाम्रो सरोकार, भूमि, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षा हाम्रो अधिकार’ भन्ने नाराका साथ गत २०७९ चैत २५ देखि २८ गतेसम्म पुनर्स्थापनाका लागि हरवाचरवा अधिकार यात्रा ऐतिहासिकरूपमा भव्यताका साथ सम्पन्न भएको थियो । मधेस प्रदेशका आठ जिल्लाका २५ स्थानमा कोणसभा भएको थियो।

ज्ञापनपत्रमा सङ्घ र प्रदेश सरकारसँगको समन्वयमा स्थानीय सरकारद्वारा मुक्त हरवाचरवाको वास्तविक तथ्याङ्क सङ्कलन गरी उनीहरूलाई वर्गीकृत परिचयपत्र प्रदान गर्नुपर्ने, शिक्षा, स्वास्थ्य र रोजगारको अधिकार सुनिश्चित गरी लैङ्गिक भेदभावविना सबैलाई समान र उचित ज्याला सुनिश्चित गरिनुपर्ने, दिगो पुनर्स्थापना योजना, भूमि, खाना र आश्रयको अधिकार सुनिश्चित गर्नुपर्ने र महिला र बालबालिकाको अधिकारलाई पर्याप्त सम्बोधन गर्नुपर्नेलगायतका मागहरू ज्ञापनमा उल्लेख छन्।

मञ्चका अध्यक्ष जयप्रकाश माझीको हस्ताक्षरित ज्ञापनपत्र उपप्रमुख आलमलाई बुझाइएको थियो।

# काठमाडौं उपत्यकामा महँगी बढी

काठमाडौं, २७ वैशाख/रासस

देशका अरू स्थानको तुलनामा काठमाडौं उपत्यकामा सबैभन्दा धेरै महँगी बढेको देखिएको छ।

नेपाल राष्ट्र बैंकले बुधवार सार्वजनिक गरेको चालू आर्थिक वर्षको चैत महीनासम्मको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार नौ महीनामा काठमाडौं उपत्यकामा सबैभन्दा धेरै आठ दशमलव ५७ प्रतिशतको मूल्यवृद्धि देखिएको हो। यो अवधिमा तराई क्षेत्रमा सात दशमलव ६८, पहाडमा सात दशमलव एक र हिमालमा सात दशमलव ४७ प्रतिशत मूल्यवृद्धि रहेको छ।

गत आर्थिक वर्षको सोही अवधिमा काठमाडौं उपत्यकामा छ दशमलव २५ प्रतिशत मूल्यवृद्धि थियो। त्यस्तै, तराईमा सात दशमलव ६१ प्रतिशत, पहाडमा सात दशमलव ७९ प्रतिशत र हिमालमा आठ दशमलव २५ प्रतिशत मुद्रास्फीति थियो।

यस आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिसम्ममा मूल्यवृद्धिले वाञ्छित सीमा नाघेको छ। अर्थात् सरकारले राखेको मूल्यवृद्धिको सीमाभन्दा बढी मूल्यवृद्धि देखिएको छ।

चालू आर्थिक वर्षका लागि सरकारले मूल्यवृद्धि सात प्रतिशतको सीमाभित्र कायम राख्ने लक्ष्य राखेको थियो तर चैत महीनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति सात दशमलव ७६ प्रतिशत पुगेको छ।

अघिल्लो वर्षको सोही महीनामा यस्तो मुद्रास्फीति सात दशमलव २८ प्रतिशत बराबर थियो। यो अवधिमा खाद्य तथा पेयपदार्थको मूल्यवृद्धि छ दशमलव ९३ प्रतिशत र गैरखाद्य तथा सेवा क्षेत्रको मूल्यवृद्धि आठ दशमलव ४२ प्रतिशत

(बाँकी पाँचौं पातामा)


तस्वीरः फाइल

## फरक समाचार

# १९ हजारभन्दा बढी ज्वालामुखी छ समुद्रभित्र


धर्तीको ७० प्रतिशत भागमा पानी छ। समुद्रको गहिराइ पत्ता लगाउन निकै गाऱ्हो छ। यसभित्र के लुकेको छ सजिलै भन्न सकिंदैन। तर आधुनिक प्रविधि र उपग्रहको मदतबाट वैज्ञानिकले महासागरको गहिराइ नाप्न थालेका छन् । नयाँ खोज अनुसार समुद्र तलमा १९ हजारभन्दा बढी ज्वालामुखी छन् । वैज्ञानिकले रडार उपग्रहको मदतबाट समुद्र तलको चट्टान पत्ता लगाएका छन्। ती चट्टानभित्र ज्वालामुखीय चट्टान रहेको बताइएको छ । अर्थ एन्ड स्पेस साइन्स जर्नल अनुसार वैज्ञानिकले लेटेस्ट ग्रेभिटी ग्रेडिएन्ट म्याप वा ग्रेभिटी ग्रेडिएन्ट म्यापको प्रयोग गरी समुद्र तलमा १९ हजार ३२५ वटा नयाँ समुद्री चट्टान पत्ता लगाएका छन् । समुद्र तलमा कैयौं प्रकारका विवर्तनिक विशेषता छन्। यहाँ मिलौंसम्म फैलिएको टाकुरा, रसालतको पहाड यानी अथाह गहिराइको पहाडसहित ज्वालामुखीय चट्टान पनि छन्।



समुद्री चट्टानको बारेमा भनिन्छ यी सक्रिय ज्वालामुखी हुन सक्छ वा यसलाई निभाउन सकिन्छ। यसको उचाइ कमसेकम एक हजार मिटर बताइन्छ। यसको बनावटबारेमा भनिएको छ कि यी बेसाल्टबाट बनेको हो। जबकि यसको निर्माण ज्वालामुखी विस्फोटको कारण भएको हो।

# धेरै गर्मीले मोबाइलको ब्याट्री खराब हुन्छ

टन्टलापुर घाममा कतै जान मन लाग्दैन। चर्को घाम हाम्रो छालाको लागि मात्र नभई मोबाइलको ब्याट्रीको लागि पनि खतरनाक हुन्छ। फोनको ब्याट्रीको लागि बढी गर्मी ठीक होइन, त्यस कारण गर्मीबाट यसलाई बचाउनुपर्छ।



रिपोर्ट अनुसार धेरै चीसोले फोनको ब्याट्रीलाई चाँडै ड्रेन गरिदिन्छ भने चर्को गर्मीको कारण ब्याट्री खराब हुन सक्छ। यसर्थ धेरै चीसो र धेरै गर्मी मोबाइलको ब्याट्रीको लागि राम्रो होइन । एप्पल कम्पनीको अनुसार उसको डिभाइसको अपरेटिङ तापमान ३२ देखि ९५ डिग्रीको बीच छ। एप्पलका अनुसार मोबाइल र अन्य डिभाइसलाई १६ देखि २२ डिग्री सेल्सियसको बीच काम गर्न डिजाइन गरिएको हुन्छ। तसर्थ ३५ डिग्रीभन्दा बढी तापमानमा यसलाई राख्नुहुँदैन। यसबाट ब्याट्रीमा नोक्सानी पुग्न सक्छ।

सैमसङ, गूगल र वनप्लस फोन पनि यसै प्रकार छन्। तसर्थ मोबाइल धेरै नतातियोस् त्यसको लागि बाहिर जाने बेलामा नोटिफिकेशन र लोकेशन सर्भिस बन्द गर्नुपर्छ भने गेम पनि खेल्नुहुँदैन। चर्को घाममा फोनमा धेरै बेर कुराकानी गर्नुहुँदैन । फोनलाई नियमितरूपले तेज गर्मीको सम्पर्कमा ल्याउँदा ब्याट्री चार्ज राख्ने क्षमता कम हुन्छ। उच्च तापमानमा मोबाइललाई चार्ज गर्नुहुँदैन। फोन धेरै तात्तिएको छ भने त्यसलाई चीसो बनाउने उपाय चाल्नुपर्छ।

# गर्मीमा यसरी नुहाउँदा दिनभरि फ्रेस

गर्मीको मौसममा चर्को घाम, पसिना र धूलो–धूवाँको सामना गरेपछि एउटै विचार आउँछ– नुहाउनुपर्छ। गर्मीमा जब चीसो पानीको थोपा शरीरमा परेपछि तनमन नाँच्न थाल्छ । नुहाएपछि शरीरले ताजगी महसूस गर्छ भने शरीरको दुर्गन्ध, रैसेज, स्किन एलर्जी र छालासम्बन्धी अन्य समस्या ठीक हुन थाल्छन्।



गर्मीमा ताजा सादा पानीले नुहाउनुपर्छ र दिनभरि ऊर्जावान रहन पानीमा केही मिसाउन पनि सकिन्छ। पानीमा नीमको पात वा नीमको तेल मिसाएर नुहाउँदा छालासम्बन्धी समस्या आदि हुँदैन। त्यस्तै, गुलाबको ताजा पात मिसाएर नुहाउँदा तन र मन दुवै आनन्दित हुन्छ भने शरीरबाट सुगन्ध आउनुको साथै पसिनाको दुर्गन्ध पनि मेटाउँछ।

चमेलीको फूल नुहाउने पानीमा मिसाएर नुहाउँदा मानसिक शान्ति पाइन्छ भने तनावको स्तर पनि कम हुन्छ। त्यस्तै, गर्मीको मौसममा बेसार मिसाएको पानीले नुहाउँदा थुप्रै रोग लाग्दैन । बेसार–पानीमा एन्टिब्याक्टेरियल, एन्टिइन्फ्लेमेटरी र एन्टिएजिङ गुण हुन्छ। यी सबै गुणले घमौरा, अनुहारमा आउने डन्डीफोर, दागधब्बा आदिबाट छुटकारा पाउनुका साथै छाला पनि निखारिन्छ। –प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## थाइल्यान्ड निर्वाचन : चर्चित चार अनुहार

बैंकक, २७ वैशाख/एएफपी

थाइल्यान्डमा आइतवार भएको निर्वाचनले नयाँ प्रधानमन्त्री बन्ने होडमा रहेका केही उम्मेदवारलाई चयन गर्नेछ।



तस्वीरः एएफपी

लामो समयदेखि 'रोलेक्स जनरल' भनेर चिनिने राजनीतिज्ञदेखि नयाँ अनुहारका प्रतिद्वन्द्वीसम्म आइतवारको निर्वाचनपछि थाइल्यान्डको नयाँ प्रधानमन्त्री बन्ने होडमा रहेका छन्।

वर्तमान प्रधानमन्त्री प्रयुत चान–ओ–चा आफ्नो नवगठित युनाइटेड थाई नेशन पार्टीको नेतृत्व गर्दै पुनः चुनावी दौडमा छन्।

थाइल्यान्डमा सन् २०१४ मा भएको सैन्य 'कू'का मुख्य योजनाकारमध्येका एक प्रयुतले सन् २०१९ को विवादास्पद मतदानमा सत्ता सम्हालेका थिए।

संवैधानिक अदालतको फैसला अनुसार ६९ वर्षीय उनी थाइल्यान्डको सबैभन्दा लामो समयसम्म प्रधानमन्त्री रहेकामध्येका एक नेता हुन्। तर उनी सन् २०२५ सम्म मात्र उक्त पदमा बसिरहन सक्नेछन्।

उत्तरपूर्वी नखोन रात्चासिमा प्रान्तमा एक सैनिक परिवारमा जन्मिएका प्रयुत सन् १९८० मा मिलिट्री कलेजबाट उठेर प्रतिष्ठित क्वीन्स गाड्र्सको कमान्डर बनेका थिए।

सन् २००६ मा भएको 'कू'मा सत्ताच्युत भएका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राका ग्रामीण समर्थकसहित रेड शर्टका प्रदर्शनकारीमाथि भएको कारबाईमा उनी संलग्न थिए। उक्त आन्दोलनमा ९० जनाभन्दा बढीको मृत्यु भएको थियो।

उनले सन् २०१८ मा भ्यालेन्टाइन डेको अवसरमा 'डायमन्ड हार्ट' नामक गीतसहित कविता र गीतहरू सार्वजनिक गरेर पछिका वर्षहरूमा छवि पुनर्स्थापनाको प्रयास गरेका थिए।

त्यसैगरी, पालाङ प्रचारथ पार्टीका नेता प्रवित वोङ्सुवान 'रोलेक्स जनरल' र कौशलको प्रेमको लागि एक शान्त राजनीतिक नेताका रूपमा चिनिन्छन्।

सन् १९४० को दशकमा एक सैनिक परिवारमा जन्मिएका उनी एक सिपाहीका रूपमा सेनामा प्रवेश गरी सन् २००४ देखि २००५ सम्म सेनाप्रमुख हुँदै सेवानिवृत्त भएका थिए।

सन् २००६ को 'कू'पछि उनी राष्ट्रियसभामा नियुक्त भएका थिए भने सन् २००८ मा उनी डेमोक्रयाट पार्टीको नेतृत्वमा रक्षामन्त्री थिए।

प्रवितलाई सन् २०१४ को 'कू'का मुख्य आर्किटेक्टमध्ये एकका रूपमा हेर्ने गरिएको छ। उनले प्रयुतसँग नजीक रहेर उनको उपप्रधानमन्त्रीसमेत बनेका थिए।

'रोलेक्स जनरल'ले सन् २०१८ मा १२ लाख अमेरिकी डलर बराबरको २५ वटा लक्जरी घडीको फोटो खिंचेपछि आलोचनाको आँधीबेहरीको सामना गर्नुपरेको थियो।

अविवाहित र कुनै सन्तान नभएका उनले पहिलोपटक प्रधानमन्त्रीका लागि प्रतिस्पर्धा गर्नेछन्।

एक सन्तानका बुबा रहेका ४२ वर्षका पिता लिम्जारोएनरातलाई यहाँको राजनीतिमा नयाँ अनुहार मानिन्छ तर उनलाई वृद्ध राजनीतिज्ञहरूको बीचमा राजनीतिकरूपमा 'मुटुको धड्कन' मानिन्छ।

सन् २०२० मा अदालतले मूभ फरवार्डको पूर्ववर्ती फ्युचर फरवार्ड पार्टीलाई विघटन गरी संस्थापक तथा अटो पाट्र्स टाइकून थानाथोर्न जुआङ्रुङ्रुङ्किटलाई एक दशकका लागि प्रधानमन्त्री पदका लागि प्रतिस्पर्धा गर्न प्रतिबन्ध लगाएपछि पितालाई नेतृत्वमा नियुक्त गरिएको थियो।

सन् २०१९ मा सांसद निर्वाचित हुनुअघि हार्वर्डमा पढेका पिता उद्यमीबाट राजनीतिमा प्रवेश गरेका हुन्।

उनी २५ वर्ष हुँदा बुबाको मृत्यु भएपछि पिता आफ्नो परिवारको अत्यधिक ऋणमा रहेको व्यवसाय एग्रिफूड चलाउन घर फर्किएका थिए।

न्युजिल्यान्डको हाईस्कूलमा अध्ययन गरेका पिता सन् २००८ मा क्लियो थाइल्यान्डका अत्यधिक मन पराइएका ५० योग्य 'ब्याचलर'मध्ये एक हुन्।

सन् २०१२ मा उनले थाई टिभी अभिनेत्री चुतिमा तिपानातसँग विवाह गरेका थिए। तर यो वैवाहिक सम्बन्ध सन् २०१९ मा टुटेको थियो।

गाँजाको औषधिजन्य महत्त्वको वकालत गर्ने थाइल्यान्डको राजनीतिक आन्दोलनको अकल्पनीय अनुहार स्वास्थ्यमन्त्री तथा भुमजैथाई पार्टीका नेता अनुतिन चार्नभिराकुल सन् २०२२ मा थाइल्यान्डको राजनीतिक आन्दोलनको चर्चामा रहेका थिए।

न्युयोर्कको होफस्ट्रा युनिभर्सिटीमा पढेका ५६ वर्षीय उनी थाइल्यान्डको सबैभन्दा धनी परिवारमध्येका एक हुन्। सोखका लागि पाइलटका रूपमा काम गर्ने उनले दानका लागि अङ्गहरू काटेको दाबी गर्छन्।

सन् १९९० को दशकमा राजनीतिमा प्रवेश गरेका उनले पछि अर्बपति थाक्सिन सिनावात्राको सरकारमा उपमन्त्रीको रूपमा काम गरेका थिए। त्यसपछि उनलाई पाँच वर्षको राजनीतिक प्रतिबन्ध लगाइएको थियो।

प्रतिबन्धको अवधि समाप्त भएपछि उनी भुमजैथाईमा सामेल भएका थिए। उनी सन् २०१२ मा नेता बने र २०१९ मा सरकारको गठबन्धनमा पार्टीको तर्फबाट नेतृत्व गरेका थिए।

महामारीको समयमा स्वास्थ्य मन्त्रीको रूपमा उनी २०२१ को लकडाउन र असमान खोप वितरणको अव्यवस्थित ह्यान्डलिङको लागि आलोचनाको शिकार भएका थिए। यसको बावजूद अनुटिनले अझै पनि सन् २०१९ मा जस्तै चुनावको परिणाममा 'किङ्मेकर'को भूमिका निभाउन सक्ने आकलन गरिएको छ। रासस

## म्यानमामा भएको हिंसाप्रति 'गहिरो चिन्ता' व्यक्त

इन्डोनेशिया, २७ वैशाख/एएफपी

दक्षिणपूर्वी एशियाली राष्ट्रहरूले म्यानमामा जारी हिंसाप्रति 'गहिरो चिन्ता' व्यक्त गरेका छन्। उनीहरूले देशमा मानवीय सहायता प्रदान गर्ने कूटनीतिज्ञहरूको गाडीमाथि हालै भएको आक्रमणको निन्दा गरेका छन्।

यसै साता इन्डोनेशियामा भएको दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान)को शिखर सम्मेलनमा भएको वार्तामा जुन्ता शासित म्यान्मामा भएको राजनीतिक थिचोमिचोप्रति सबैको ध्यान आकृष्ट भएको छ।

आसियानले सङ्कट समाधानका लागि कूटनीतिक प्रयासको नेतृत्व गरेको छ, तर सन् २०२१ मा भएको सैन्य 'कू'ले निम्त्याएको रक्तपात रोक्न अहिलेसम्मका प्रयास असफल भएका छन्।

आसियानका नेताहरूले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "हामी म्यानमामा जारी हिंसाप्रति गहिरो चिन्ता व्यक्त गर्दछौं र मानवीय सहायता र समावेशी राष्ट्रिय संवादको सुरक्षित र समयमैं वितरणका लागि अनुकूल वातावरण सिर्जना गर्न सबै प्रकारका हिंसालाई तत्काल अन्त्य गर्न र अनावश्यक बल प्रयोग नगर्न आग्रह गर्दछौं।

जुन्ताले अन्तर्राष्ट्रिय आलोचनालाई बेवास्ता गरेको छ र आफ्ना विरोधीहरूसँग सहकार्य गर्न इन्कार गरेको छ। वर्तमान सरकारको अपदस्थ सांसदहरू, 'कू'विरोधी समूह 'पिपुल्स डिफेन्स फोर्सेज' र सशस्त्र जातीय अल्पसङ्ख्यक समूहहरू समावेश छन्।

गत महीना विद्रोहीको गढ रहेको एउटा गाउँमा भएको हवाई आक्रमणमा करीब १७० जनाको ज्यान जाने गरी भएको हवाई आक्रमणको विश्वव्यापी निन्दा भएको थियो। म्यान्मामा आसियान मानवीय राहतको समन्वय गरिरहेका कूटनीतिज्ञ र अधिकारीहरू चढेका सवारीसाधनको एक समूहमाथि आइतवार आक्रमण भएपछि क्षेत्रीय समूहमाथि दबाब बढेको थियो।

सिङ्गापुर र इन्डोनेशियाले यसअघि म्यान्मास्थित आफ्ना दूतावासका कर्मचारीहरू पूर्वी शान राज्यमा रहेको, उनीहरूका सवारीसाधनमा आगो लागेको तर कुनै क्षति नभएको बताएका थिए।

आसियानका नेताहरूले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "हामीले आक्रमणको निन्दा गरेका छौं र आक्रमणकारीलाई जवाफदेही बनाउनुपर्छ भन्नेमा जोड दिएका छौं।"

सम्मेलनलाई सम्बोधन गर्दै इन्डोनेशियाका राष्ट्रपति जोको विडोडोले १० सदस्यीय समूहका सदस्यहरू एकजुट भएमा बढ्दो विश्वव्यापी चुनौतीहरूको सामना गर्न सक्नेमा आफू विश्वस्त रहेको बताए।

"एकताको साथ, आसियानले शान्ति र विकास ल्याउन केन्द्रीय भूमिका खेल्न सक्षम हुनेछ," विडोडोले शिखर सम्मेलनको उद्घाटन सत्रमा भने। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – राज्यभय |
| मिथुन – वादविवाद | कर्कट – यात्रालाभ |
| सिंह – शत्रुभय | कन्या – कार्यनाश |
| तुला – उदरपीडा | वृश्चिक – विजय |
| धनु – धनखति | मकर – सुयश |
| कुम्भ – बेचैनी | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



वीरगंज महानगरले पोलमा झुन्डिएका इन्टरनेटका काम नलाग्ने तार मङ्गलवार काटेर हटाएको थियो। सो क्रममा केही इन्टरनेट सेवाप्रदायकका तार काटिएकाले सेवा अवरुद्ध हुँदा ती संस्थाले नयाँ तार झुन्ड्याउँदै। महानगरले काम नलाग्ने तार हटाउन इन्टरनेट सेवाप्रदायकलाई निर्देशन दिए पनि सोको अटेर उनीहरूले गर्दै आएका छन्। तस्वीरः नितेश कर्ण

## जेठ १ गतेदेखि ट्राफिक सप्ताह मनाउने निर्णय

प्रस, वीरगंज, २७ वैशाख/

जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले जेठ १ देखि ७ गतेसम्म ट्राफिक सप्ताह मनाउने भएको छ। बुधवार जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्सामा बसेको सरोकारवालाको बैठकले आगामी जेठ १ देखि ७ गतेसम्म वीरगंजमा ट्राफिक सप्ताह मनाउने निर्णय गरेको हो।



तस्वीरः सौजन्य

ट्राफिक व्यवस्था प्रभावकारी बनाउन र सडक दुर्घटना न्यूनीकरणको लागि ट्राफिक सचेतना अभिवृद्धि गर्न ट्राफिक सप्ताह एवं सडक सुरक्षा कार्यक्रम मनाउने निर्णय भएको व्यवस्थित वीरगंज अभियानका अध्यक्ष दिलीपराज कार्कीले बताए।

वीरगंजलगायत पर्सा जिल्लाका विभिन्न स्थानमा ट्राफिक सचेतनाका कार्यक्रमहरू यसअघि सञ्चालन भएका र यस वर्ष फेरि ट्राफिक सप्ताह मनाएर वीरगंज महानगरमा यससम्बन्धी जानकारी लिने र यसबाट दुर्घटना न्यूनीकरणका सघाउ पुग्ने तथा ट्राफिक नियमको पालना प्रभावकारी ढङ्गले हुने उनले विश्वास व्यक्त गरे।

बैठकमा ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रमुख एवं प्रहरी निरीक्षक मणिराम थापा, ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतान, त्रिलोकी दारुका, हन्ड्रेट ग्रुपका अध्यक्ष विक्की सर्राफ, नेपाल स्काउटका सुरेश कानू, परिवर्तन नेपालका रणधीर वर्णवालगायतको सहभागिता थियो।

## महिला/बालबालिका हिंसा न्यूनीकरणसम्बन्धी अन्तर्क्रिया

प्रमोद यादव, पंचगावाँ, २७ वैशाख/

दलित महिला विकास केन्द्र, काठमाडौंको आयोजना र युनाइटेड नेशनल ट्रस्ट फन्डको सहयोगमा एक दिने महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरणमा पुरुषको सहकार्यसम्बन्धी अन्तर्क्रिया भएको छ।



तस्वीरः प्रतीक

कार्यक्रममा मधेस प्रदेशमा विगत २० महीनामा २८ जना पत्नीको हत्या पतिले गरेको तथ्याङ्क प्रस्तुत गरिएको थियो। हिंसा हुने प्रमुख कारण मदिरा, घरायसी कलह, परम्परागत सोच, महिला/पुरुषबीचको भेदभाव रहेको बताइएको छ।

कार्यक्रममा महिला तथा बालिकामाथि हुने हिंसा नियन्त्रणका लागि पुरुषसँग सहकार्य गर्नुपर्ने सुझाइएको छ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयकी उपप्राध्यापक एवं कार्यक्रमका प्रशिक्षक नीति अर्याल खनाल र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रमका विज्ञ सरु जोशीलगायतले प्रशिक्षण दिएका थिए।

कार्यक्रममा शिक्षक, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, धर्मगुरु र सामाजिक संस्थाका प्रतिनिधिहरू सहभागी थिए।

### काठमाडौं उपत्यका ...

रहेको छ।

खाद्य तथा पेयपदार्थ समूह अन्तर्गत रेस्टुराँ तथा होटल उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क १४ दशमलव ६८ प्रतिशतले बढेको छ। त्यस्तै, मरमसलाको १४ दशमलव ६७, खाद्य तथा खाद्यजन्य पदार्थको १३ दशमलव ७२ प्रतिशत, फलफूलको ११ प्रतिशत र सुर्तीजन्य पदार्थको १० दशमलव ८३ प्रतिशतले बढेका छन्। गैरखाद्य तथा सेवा समूह अन्तर्गत स्वास्थ्य उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क १० दशमलव ३९ प्रतिशतले बढेको छ। घरायसी उपयोगका वस्तुमा नौ दशमलव ५४, मनोरञ्जन तथा संस्कृतिमा आठ दशमलव ८१, फर्निसिङ तथा घरायसी उपकरणमा आठ दशमलव ७४ र शिक्षा क्षेत्रमा आठ दशमलव ६७ प्रतिशतको मूल्यवृद्धि देखिएको छ।

गत चैत महीनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति भने पाँच दशमलव ५९ प्रतिशत छ। अघिल्लो वर्षको सोही महीनामा यस्तो मुद्रास्फीति १४ दशमलव ४२ प्रतिशत थियो।

### जसौली–कोहडी–हरपतगंज ....

१७ ठाउँमा सडक (५२ किलोमिटर) निर्माणका लागि रु ८५ करोडमा ठेक्का लिएको बताए। तर अहिले सघन शहरी तथा भवन निर्माण कार्यालयसँग साढे तीन करोड बक्यौता लिनुपर्ने भएकोले बजेट अभावमा काम नभएको बताए।

उक्त सडकको नियामक निकाय सघन शहरी तथा भवन निर्माण कार्यालय, वीरगंजका प्रमुख विनोद सिंहले एक सातापछि काम शुरू हुने बताए। म भर्खरै सरुवा भएर आएको छु, उक्त सडक निर्माणको लागि ठेकेदार पक्षसँग छलफल गरी काम अघि बढाउने निर्देशन दिइसकेको छु, चाँडै काम हुन्छ, उनले भने।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# पर्सागढी नपामा नमूना कार्यको सुरुआत -प्रदेशसभा सदस्य पटेल

बलिराम शुक्ला, बिरुवागुठी, २७ वैशाख/

पर्सागढी नगरपालिका–६ शिवटोलमा निर्माण भइरहेको एकीकृत डोमबस्तीको प्रदेशसभा सदस्य श्यामप्रसाद पटेलले बुधवार निरीक्षण गरेका छन् ।

पर्सागढी नगरपालिकाको रु ७० लाखको लागतमा दुई कट्ठा १० धुरमा निर्माण हुने शौचालय, कम्पाउन्ड, गेटसहित ३२ वटा कोठाको उनले निरीक्षण गरेका हुन् ।


तस्वीरः प्रतीक

निरीक्षणको क्रममा प्रदेशसभा सदस्य पटेलले पर्सागढी नपामा नमूना कार्यको सुरुआत भएको बताए । उनले भत्किन लागेको छाप्रोमुनि कष्टकर जीवन बिताउँदै आएका डोम समुदायका लागि पर्सागढी नपाले एकीकृत बस्ती निर्माण गर्न लागेकोमा आफ्नो पनि सहयोग रहने बताए । निरीक्षणमा नगरप्रमुख गोकर्ण पाठक, वडा नं ६ का अध्यक्ष नवलकिशोर कलवार, वैकुण्ठ श्रीवास्तव, जङ्गबहादुरदास थारूलगायतको सहभागिता थियो ।

# पर्सागढी नपाका भूमिहीनलाई जग्गाको निस्सा वितरण

नरेश यादव, पर्सागढी, २७ वैशाख/

पर्सागढी नगरपालिका वडा नं १ र २ मा भूमिहीन, दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीहरूलाई निस्सा वितरण गरिएको छ ।


तस्वीरः प्रतीक

कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय भूमिहीन आयोग, पर्साका अध्यक्ष तबरेज अहमदले निस्सा वितरण गर्दै आगामी दिनमा लालपुर्जा वितरण गरिने बताए । उनले जिल्लामा रहेका अन्य स्थानीय पालिकाहरूमा पनि निस्सा वितरण गरिने भएकोले सोको लागि सहयोग गर्न गाउँपालिका र नगरपालिकाका प्रमुखहरूलाई आग्रह गरे ।

कार्यक्रममा वडा नं १ का भूमिहीन ३० जना, सुकुमबासी ४१ जना र अव्यवस्थित बसोबासी १७२ जना रहेको जानकारी गराइएको थियो ।

वडाध्यक्ष राजकपूर खवासको अध्यक्षतामा भएको कार्यक्रममा नगरप्रमुख गोकर्ण पाठक, पर्सागढी नगरपालिका राष्ट्रिय भूमिहीन सेवा एकाइका प्रमुख मनोज राउत थारू, वडा सचिव हीरा अर्याललगायतको सहभागिता थियो ।

# श्रीसियावासीको लागि सरकारले दियो तत्काल ५० करोड निकासा

प्रस, परवानीपुर, २७ वैशाख/

श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगंजअगाडिको धर्ना वीरगंज–२५ श्रीसियाका स्थानीयले स्थगित गरेका छन् ।



भन्सार कार्यालय र मुआवजापीडितबीच मङ्गलवार चार बुँदे सहमति भएसँगै मुआवजा सङ्घर्ष समितिको आन्दोलन फिर्ता भएको हो । चार बुँदे सहमति अनुसार हाल सरकारले पठाएको रु ५० करोड निकासालाई प्राथमिकताको आधारमा वितरण गर्ने, बाँकी सम्पूर्ण रकम निकासाका लागि माथिल्लो निकायमा पहल गर्नेलगायतका बुँदामा सहमति भएको हो ।

मुआवजा सङ्घर्ष समितिको सुझाव अनुसार रकम वितरण गर्न जिल्ला प्रशासन कार्यालय, पर्सासँग समन्वय गर्ने र मुआवजाको बाँकी सम्पूर्ण रकम आगामी भदौ महीनाभित्र प्राप्त हुनेगरी पहल गर्ने सहमतिपश्चात् आन्दोलन स्थगित भएको हो । सम्झौतापत्रमा सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत जयबहादुर भण्डारी र मुआवजा सङ्घर्ष समितिका संयोजक वैजयन्तीमाला सहनीले हस्ताक्षर गरेका थिए ।

# खेलकूदको संसार

## जालन्धरका अली पहलवानः जसलाई खली र देवा थापा खुट्टा ढोग्छन्

राधेश्याम पटेल, परवानीपुर, २७ वैशाख/

कुश्ती दङ्गलको क्रेज भारतको पञ्जाब, उत्तर प्रदेश, बिहार र नेपालको तराई–मधेसका जिल्लामा अत्यधिक देखिन्छ । विभिन्न ठाउँका मेला एवं धार्मिक कार्यक्रमको अवसरमा स्थानीय पहलवानलाई प्रोत्साहन गर्न र कुश्ती खेललाई प्रवर्द्धन गर्न विराट दङ्गल (कुश्ती) प्रतियोगिताहरू आयोजना हुने गरेका छन् ।


भारत, पञ्जाब, जालन्धरका महम्मद अली (बीच)मा र पिठ्यूँमा ढुङ्गा बोकेर उठबस गर्दै । तस्वीरः प्रतीक

नेपालको बुटवल आसपासका तीनजना पहलवानको चर्चा नेपालदेखि भारतका विभिन्न राज्यमा हुने गर्छ । देवा थापा, वसन्त थापा, पारस थापालगायतको चर्चा शिखरमा रहेको अवस्थामा पर्सा र बारामा पनि कुश्तीको आकर्षण उत्तिकै रहेको खेलाडीहरू बताउँछन् । तर यिनीमध्ये पहलवानहरूको गुरु भनेर चिनिने भारत, पञ्जाब, जालन्धरका महम्मद अली ।

५० वर्षीय अली अहिले पनि कुश्ती लड्नुका साथै आफ्नो सामर्थ्यको प्रदर्शन पनि गर्छन् । एक साताअघि वीरगंज महानगर–१८ सुखचैनामा भएको महायज्ञमा उनले गुडिरहेको टयाक्टरलाई रोकेर सबैलाई अचम्ममा पारिदिए । साथै उनले कानमा डोरी बाँधेर स्कार्पियो तान्ने गरेका छन् भने दुईटै हातको पाखुरामा डोरी बाँधेर दुईवटा मोटरसाइकललाई समेत रोक्ने गरेका छन् । साथै छातीमा एक क्विन्टलको ढुङ्गा राखेर घनबाट फुटाउने काम गर्छन् ।

२८ वर्षदेखि कुश्ती लड्दै अहिले टयाक्टर, स्कार्पियो र बाइक तानिरहेका अली पहलवानी (रेसलिङ)का चर्चित खेलाडी 'द ग्रेट खली'का गुरुसमेत भएको बताइएको छ । साथै उनले खली, देवा थापा, वसन्त थापा, पारस थापालगायतका खेलाडीहरू आफ्नो अगाडि आएमा खुट्टा ढोगेर अभिवादन गर्ने गरेको चर्चा गरे । नेपाल र भारतका सरकारी नीतिका कारण कुश्ती खेलको लोकप्रियता कम हुने गरेको उनले आरोप लगाए । जसले गर्दा स्थानीयस्तरमा क्षमतावान् खेलाडी उत्पादन हुन नसकेको उनले बताए ।

उनले नेपालका सुपरस्टार राजेश हमाल, गायिका ज्योति मगर, तेरिया मगरलगायतले पनि मलाई माया गर्ने गरेको बताए । विभिन्न महोत्सव र कार्यक्रममा टयाक्टर, मोटरसाइकल र स्कार्पियो तानेको देख्दा दर्शकहरू दङ्ग पर्ने गरेका र हौसला बढाउनका लागि लाखौं रुपैयाँ पुरस्कार दिने गरेको पनि उनले बताए ।

# पचरौतामा शिक्षक नहुँदा कुडवा माविका विद्यार्थी आन्दोलित

प्रस, परवानीपुर, २७ वैशाख/

बाराको पचरौता नगरपालिका–९ स्थित नेरामावि, कुडवाका विद्यार्थीहरूले बुधवारदेखि विद्यालयमा विरोध प्रदर्शन शुरू गरेका छन् । माविमा विषयगत शिक्षक नहुँदा आफूहरूको पठनपाठन प्रभावित भइरहेकोले पर्याप्त शिक्षकको व्यवस्था गर्न विद्यार्थीहरूले माग गरेका छन् ।

शिक्षकको व्यवस्था नगरेसम्म विद्यालयमा तालाबन्दीसमेत गरेर विद्यार्थीहरू आन्दोलनलाई अगाडि बढाइरहेका छन् ।


तस्वीरः प्रतीक

विगत लामो समयदेखि पचरौताका नगरप्रमुख, वडाध्यक्षलगायत सम्बन्धित निकायलाई जानकारी गराउँदा कुनै सुनवाइ विद्यार्थीहरू बताउँछन् । उक्त विद्यालयमा छजना शिक्षक मात्रै छन् तर पढाइ भने कक्षा १० सम्म हुन्छ । त्यसमा पनि केही शिक्षकले तलबभत्ता नपाएको गुनासो गरेका छन् । पर्याप्त शिक्षक नहुँदा पठनपाठन लामो समयदेखि प्रभावित भएको विद्यार्थीहरूको गुनासो छ ।


**कृषि सडक बनाइँदै**: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिकामा कृषि सडक बनाउँदै कामदार । तस्वीरः रासस

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## बालबालिकालाई स्तनपान किन गराउने ?

- आमाको दूधले बालबालिकाको जीवनरक्षा गर्छ ।
- आमाको बिगौती दूधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- आमाको दूधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- स्तनपानले आमालांई स्तन र पाठेघरको क्यान्सर हुनबाट बचाउँछ ।
- स्तनपानले शिशुको शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मदत गर्छ ।

**त्यसैले बालबालिकालाई पर्याप्त मात्रामा स्तनपान गराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड